मालिकार्जुन गाउँपालिका
Malikarjun Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
शंकरपुर, दार्चुला
सुदूरपश्चिम, नेपाल

प.सं. २०८३/०८४/Ref.2083/084
च.नं./Dispatch No.

# करार सेवामा पदपूर्ति सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/१५ गते, ने.स. ११४६ यंलागाः ५, बिहिबार)

यस मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३/०४/२९ को निर्णय अनुसार निम्न बमोजिमका जनशक्ति करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मिति देखि १५(पन्ध्र) दिन भित्र कार्यालय खुलेको समयमा निर्धारित फारम भरी तोकिएको राजश्व तिरी रितपूर्वक आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद/तह | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०६-२०८३/०८४ | इलेक्टिसियन (सहायक चौथो) | १ (एक) | • मेकानिकल इन्जिनियरिङ्गमा प्रविणगता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट प्रदान गरिएको सम्बन्धित विषयमा तह दुई (Level-2) को सीप परीक्षण उत्तीर्ण । | रु. ५००/- अक्षरुपीः पाँच सय मात्र) |
| २ | ०७-२०८३/०८४ | खानेपानी पम्प मर्मत सम्भार टेक्नसियन (सहायक चौथो) | १ (एक) | • मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.इ.ई. वा सो सरह उत्तीर्ण गरी खानेपानी तथा सरसफाई विषयमा तालिम प्राप्त वा सम्बन्धित विषयमा २ वर्षको अनुभव प्राप्त वा माध्यमिक तहमा सिभिल इन्जिनियरिङ्ग तर्फको प्राविधिक तथा व्यवसायिक विषय लिई एस.एल.सी./ एस.इ.ई. वा सो सरह उत्तीर्ण । | रु. ५००/- अक्षरुपीः पाँच सय मात्र) |
| ३ | ०८-२०८३/०८४ | हलुका सवारीचालक (श्रेणीविहिन) | १ (एक) | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ उत्तीर्ण, हलुका सावरी चालक अनुमति प्रमाणपत्र, आँखा दृष्टि परिक्षण प्रमाणपत्र, कम्तीमा ५(पाँच) वर्षको कार्य अनुभव प्रमाणपत्रहरुका प्रतिलिपि । | रु. ४००/- अक्षरुपीः चार सय मात्र) |

१. **सेवा किसिमः** करार सेवा

**२. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- पासपोर्ट साईजको फोटो (२) दुई प्रति,
- स्थानीय, तालिम तथा कार्य अनुभव भएकालाई प्राथमिकता दिइनेछ,
- पेश गरिने सबै कागजातहरु स्वंयमले हस्ताक्षर गरी प्रमाणीत गरेको हुनुपर्नेछ ।

विष्णु साहनी
प्रमुख प्रशासकीय अधिकृत

३. **उम्मेदवारको उमेरको हदः** पुरुष उम्मेदवारको हकमा २०८३/०६/२९ सम्म १८ वर्ष पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको,

४. **सेवा, शर्त र सुविधाः** करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

५. **दरखास्त दिने अन्तिम मितिः** २०८३/०६/२९ गते सम्म।

६. **पदमा रहि काम गर्नु पर्ने स्थानः** मालिकार्जुन गाउँपालिका कार्यालय तथा कार्यालयले खटाइएको स्थानमा।

७. **पदमा रही गर्नुपर्ने कामको विवरणः** तह, सेवासमुह र सम्झौतामा उल्लेख भएको प्रचलित कानून बमोजिम हुनेछ।

८. **दरखास्त फारम तथा दस्तुर बुझाउने जानकारीः** दरखास्त फारम गाउँपालिकाको प्रशासन शाखाबाट उपलब्ध गराइने साथै दरखास्त दस्तुर गाउँपालिकाको राजश्व शाखामा जम्मा गरि सो को सक्कलै भौचर आवेदन साथ पेश गर्नुपर्ने छ।

९. **परीक्षाको किसिमः** लिखित तथा अन्तर्वार्ता (हलुका सवारीचालक पदको हकमाः छोटो सुचि तथा अन्तर्वार्ता),

१०. **परिक्षा सम्बन्धी जानकारीः** पछी प्रकाशित गरिनेछ।

११. **पाठ्यक्रमः** खानेपानी पम्प मर्मत सम्भार टेक्नसियन पदका लागि प्रदेश लोक सेवा आयोग सुदूरपश्चिम प्रदेश (प्रदेश तथा स्थानीय तह तर्फ, सहायक चौथो तह) को र इलेक्टिसियन पदका लागि नेपाल विद्युत प्राधिकरण, सहायकस्तर, प्राविधिक सेवा तह-४ को पाठ्यक्रम लागु हुनेछ।

१२. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्बन्धि सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहनेछ।

**नोटः-** दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नुपर्नेछ।

०८३/०६/१५

विष्णु साहनी
प्रमुख प्रशासकीय अधिकृत